# सर्केगाड गाउँपालिका, हुम्ला

## कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

## भाग-२

| | | |
|---|---|---|
| खण्ड: २ | संख्या: २ | मिति: २०७७/०५/१६ |

# जनतासँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम कार्यविधि, २०७७

सर्केगाड गाउँपालिका, हुम्ला

# जनता सँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम संचालन कार्यविधि २०७७

*कार्यपालिकाबाट पारित मितिः २०७७/०५/१६.*

नेपालको संविधान, २०७२ अर्न्तगत राज्य पुर्नसंरचना स्थानीय सरकारका रुपमा गठित स्थानीय तहको निर्वाचन पश्चात जनताले उनिहरुकै प्रतिनिधीद्धारा शासन गर्ने अवसर प्राप्त गरेका छन । जनताको सवैभन्दा नजिकको र सरकारका रुपमा रहेको स्थानीय तहले जनताका आवश्यकता प्रभावकारी रुपमा सम्वोधन गर्नुपर्ने आवश्यकता टड्कारो रहेको छ । सर्केगाड गाउँपालिकाको दोस्रो गाउँपरिषद्ले पारित गरेको जनतासँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :-** यस कर्यविधिको नाम जनतासँग अध्यक्ष/उपाध्यक्ष कार्यक्रम संचालन कार्यविधि, २०७७ हुनेछ ।

१.१ यो कार्यविधि कार्यपालिकाले पारित गरेको मिति देखि लागु हुनेछ ।

**२. उद्देश्य :-**

२.१ जनतासँग प्रत्यक्ष सरोकार रहने तथा जिवनस्तरमा प्रत्यक्ष देखिने तथा नतिजा प्राप्त हुने कार्यक मार्फत जनप्रतिनिधी र जनता बीच सुमधुर सम्वन्ध कायम गर्ने ।

२.२ स्थानीय सरकार प्रति अपनत्व सृजना गर्ने तथा रोजगारी तथा स्वरोजगारी मार्फत जनताको जीवनस्तरमा सुधार ल्याउने ।

**३. लक्ष्य :-**

३.१ सर्केगाड गाउँपालिकामा विपन्न गरीब तथा असहाय नागरिकहरु लाई औषधी उपचार, कषृ, पशुपालन दैवी प्रकोप, राहात, लगाएत विकास निमार्ण संग सम्बन्धित कार्य संचालन गर्ने ।

३.२ अनाथ तथा असाहय बालबालिका संरक्षण गर्ने ।

**४. कार्यान्वयनको क्षेत्र :-**

४.१ पहिचान गरिएका गरिब विपन्न तथा असहाय नागरिक तथा अनाथ बालबालिकालाई सहयोग र संरक्षण गर्ने गरी कार्यक्रम संचालन गरिने छ ।

४.२ गाउँपालिका भित्रका वडाहरुमा अत्यावश्यक र गाउँपरिषद्बाट छुट भएका सान–तिना विकास निमार्णका कार्य हरु गरिने छ ।

## कार्यान्वयनको तरिका

**५. आर्थिक सहायता सम्बन्धी :-**

५.१ पहिचान गरिएका विपन्न, गरिब, असहाय तथा अनाथ बालबालिकालाई अध्यक्ष/उपाध्यक्ष को सिफारीसमा सिधै रु. २०,०००।– (अक्षरुपी बीस हजारसम्म मात्र) सम्म आर्थिक सहायता प्रदान गरिनेछ ।

सर्केगाड गाउँपालिका, हुम्ला

५.२ पहिचान गरिएका विपन्न, गरिब, असहाय तथा अनाथ बालबालिकालाई बिरामी पर्दा रु. २०,०००।– अक्षरुपी बीस हजारसम्म  स्वास्थ्य उपचार खर्च प्रदान गरिने छ ।

५.३ दफा ५.१ र दफा ५(२ मा उल्लेखित रकमको सीमाभन्दा माथि आर्थिक सहायता गर्नु परेमा औषधी उपचारको हकमा अस्पतालमा उपचार गराई पेश गरेको बिल/भौचरको आधारमा गाउँपालिका अन्तर्गतको स्वास्थ्य शाखा प्रमुख समेतको सिफारिसमा अधिकतम रु. १,००,००० एक लाख सम्म उपचार खर्च प्रदान गरिनेछ ।

५.४ दफा ५.३ मा तोकिएको औषधी उपचार बाहेक अन्य प्राकृतिक/मानविय विपत्ती सीमा भन्दा बढी आर्थिक सहायता गर्नु परेमा निम्न बमोजिमको सिफारीस समितिको सिफारिसमा अधिकतम रु. १,००,००० एक लाखसम्म उपचार खर्च प्रदान गरिनेछ

| | |
|---|---|
| १. आर्थिक सहायता प्राप्त गर्ने व्यक्तिको सम्बन्धित वडा अध्यक्ष : | संयोजक |
| २. आर्थिक सहायता प्राप्त गर्ने सम्बन्धित वडाको वडा सचिव : | सदस्य |
| ३. गाउँपालिकाको प्रशासन शाखा प्रमुख : | सदस्य |

५.४ पहिचान गरिएका विपन्न तथा गरिब परिवारको आयआर्जनमा सघाउ पुऱ्याउने र जीवनस्तर उकास्न गाउँपालिका कृषि तथा पशु शाखा प्रमुखको समेत सिफारीसमा रु २०,००० बीस हजारसम्म सो कार्यका लागि अध्यक्ष/उपाध्यक्षको सिफारीसमा अनुदान (वस्तुगत/नगद) उपलब्ध गराईने छ ।

**६. विकास निमार्ण सम्बन्धी :-**

६.१. गाउँ परिषद्बाट पारित हुन छुट भएका तथा तत्काल नगरी नहुने विकास निमार्ण सम्बन्धी काम गर्दा उपभोक्ता समिति गठन गरी गाउँपालिकाको कार्यालयमा सम्झौताका लागि अध्यक्ष/उपाध्यक्षले सिफारीस गर्नु पर्नेछ ।

६.२. अध्यक्ष/उपाध्यक्षले कार्यक्रम कार्यन्वयन गर्दा लाभग्राहीले दोहोरो सुविधा नपाउने गरी एक आपसमा समन्वय गरी सिफारीस गर्नु पर्नेछ ।

६.३. विकास निमार्णका कार्यक्रम संचालन गर्दा गाउँपालिकाबाट संचालित अन्य आयोजना सरह अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था अध्यक्ष/उपाध्यक्षले मिलाउनु पर्नेछ ।

६.४. रु १,००,०००(एक लाख) भन्दा माथि औषधी उपचार खर्च प्रदान गर्नु परेमा वा आर्थिका सहायता दिनु पर्ने भएमा गाउँ कार्यपालिकाको निर्णय गराई प्रदान गरिने छ ।

आज्ञाले
दिपक कुमार आचार्य
प्रमुख प्रशासकीय अधिकृत